# तिनाउ गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

तिनाउ गाउँपालिकाले आर्थिक बर्ष २०७४/०७५ मा गरेका बार्षिक कार्यक्रम र बजेटका बारेमा सार्वजनिक सुनुवाई गरेको छ । गाउँपालिकाले लिएका निती, कार्यक्रम, बजेट, खर्च र आगामी बर्षका योजनाहरु सार्वजनिक गदै गाउँपालिका सेवाग्राहीहरुबाट सुझाव संकलन गरिएको छ ।

गाउँपालिका अध्यक्ष ओम बहादुर घर्तीले निती तहमा गाउँपालिका बिषयगत क्षेत्रमा गरेका कार्य, प्राप्त उपलब्धीहरु र भावी योजनाका बारेमा जानकरी गराउदै गाउँपालिका बासिन्दाले ल्याएका योजना सफल बनाउन सहयोग गर्नुपर्ने बताउनु भयो । प्रमुख प्रशासकिय अधिकृत ज्ञानुप्रसाद पनेरुले गाउँपालिका आर्थिक र भौतिक प्रगतिका बारेमा जानकारी गराउदै यस आर्थिक बर्षको बाँकी अवधिमा विकास कार्यलाई गति दिन सिङ्गो गाउँपालिका कर्मचारीहरु जनप्रतिनिधिहरुलाई साथ दिने प्रतिबद्धता जनाउनु भयो ।

सार्वजनिक सुनुवाईमा सहभागीहरु चुनढुङ्गा खानीबाट लिनुपर्ने करलाई व्यावस्थित गर्नुपर्ने गाउँपालिका जग्गा व्यावस्थापनमा पहल गर्नुपर्ने, स्वास्थ्य सेवा सुधारमा वर्थिङ्ग सेन्टर संचालन र बालविवाह नियन्त्रण गर्नुपर्ने, सिद्धार्थ राजमार्ग क्षेत्रमा सवारी साधनबाट हुने फोहर व्यावस्थापन गर्नुपर्ने, चुनढुङ्गका बोक्ने ट्रिपरका लागी सिद्धार्थ राजमार्ग भन्दा अन्य बैकल्पीक सडकको खोजी गर्नुपर्ने, ट्रिपरका कारण भएको धुवाँ धुलो व्यावस्थापनमा पहल गर्नुपर्ने, अधुरा योजना सम्पन्न गर्नेका लागी बजेट व्यावस्थापन गर्नुपर्ने, शिक्षा क्षेत्रको सुधारमा गाउँपालिका ध्यान दिनुपर्ने र युवा वेरोजगार, कृषिको विकास, उद्योग व्यावसाय प्रर्वधनमा ख्याल गर्नुपर्ने सुझाव राखेका थिए ।

सार्वजनिक सुनुवाईमा प्रश्नहरु भन्दा सहभागीले सुझावहरु धेरै राखेका थिए भने कर्मचारीको कार्यशैली, योजनाको पेश्की रकम, आम्दानी र खर्चका शिर्षक र प्रगति हुन नसकेका विकासका कार्यका बारेमा प्रश्नहरु राखेका थिए । पाल्पा विकास केन्द्रका सहजकर्ता किरण कौशल र सर्मिला थापाको सहजिकरणमा भएको सार्वजनिक सुनुवाईमा उठेका जिज्ञासालाई गाउँपालिका अध्यक्ष ओम बहादुर घर्ती, उपाध्यक्ष दमयन्ती थापा, प्रमुख प्रशासकिय अधिकृत ज्ञानुप्रसाद पनेरु, गाउँपालिका प्रवक्ता राजेश श्रेष्ठ र वडा अध्यक्ष प्रेम पाण्डेयले प्रष्ट पादै सकारात्मक सुझावलाई बिषयगत क्षेत्रका व्यक्तिहरुसंग सल्लाह र छलफलबाट समाधानको पहल गर्ने प्रतिवद्धता जनाएका थिए ।